# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

इभाङ्ग, इलाम | १ न. प्रदेश, नेपाल

**गाउँपालिकाको वस्तुगत विवरण तयारीका लागि प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिएको सुचना !!!**

***तेस्रो पटक प्रकाशन मितिः २०७५ माघ १ गते***

संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालयबाट जारी गाँउ/नगर वस्तुगत विवरण तयारी कार्यबिधि २०७४ मा उल्लेख भएका र यस कार्यालयले आवश्यक ठानेका अन्य विषयहरु समावेश गरी यस गाउँपालिकाको क्षेत्रगत स्थिति, विस्तृत र खण्डिकृत तथ्याङ्क सहितको गाउँपालिकाको वस्तुगत विवरण तयार गर्न प्रतिस्पर्धाका आधारमा सेवा प्रदायक छनौट गर्नुपर्ने भएकाले इच्छुक योग्यता पुगेका परामर्शदाता/कम्पनिहरुबाट देहायका शर्तहरुको अधिनमा रही रितपुर्वकको प्रस्ताव आह्वान गरिएको छ।

शर्तहरुः

**१.** प्रस्तावकले TOR प्राप्त गर्नका लागि निम्नानुसारका प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नुपर्ने छ।
**क.** परामर्शदाता वा कम्पनी दर्ता तथा अध्यावधिक नबिकरण भएको प्रमाणपत्र
**ख.** मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र **ग.** आ.व. २०७४/७५ को कर चुक्ता प्रमाणपत्र

**२.** सुचना प्रकाशन भएको मितिले ७ औ दिनसम्म कार्यालय समय भित्र TOR यस कार्यालयबाट प्राप्त गरी ८ औ दिन दिनको १२:०० बजेसम्ममा यस कार्यालयमा प्रस्ताव दर्ता गराइ सक्नुपर्ने छ, यसरी दर्ता भएका प्रस्तावहरु सोहि दिन दिनको १४:०० बजे प्रस्तावदाताहरु वा निजहरुको आधिकारीक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रस्तावदाता वा निजहरुको आधिकारीक प्रतिनिधि उपस्थित नभएपनि प्रस्ताव खोल्न वाधा पर्ने छैन। यस सम्बन्धि अन्तिम निर्णय गाउँपालिकामा निहित रहेनछ।

**३.** प्रस्तावदाताले प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा शिलबन्दी गरी खाम बाहिर कुन प्रकारको प्रस्ताव हो सो खुलाइ दुबै प्रस्तावलाई अर्को छुट्टै खाममा शिलबन्दी गरी पेश गर्नुपर्ने छ। रित नपुगेको, म्याद नाघि आएको प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

**४.** प्रस्ताव दर्ता गर्ने र खोलिने दिन सार्बजनिक बिदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको दिन तोकिएको समय अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिनेछ।

**५.** तोकिएको मिति र समय भित्र दर्ता हुन आएका प्रस्तावहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावलि २०६४, गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधी २०७४ र TOR मा उल्लेखित शर्त बमोजिम मुल्याङ्कन गरी प्रस्ताव छनौट गरिनेछ।

**६.** प्राविधिक प्रस्तावमा सफल प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिनेछ।

**७.** अनुभवि परामर्शदाता/कम्पनि लाई प्राथमिकता दिइनेछ।

**८.** प्रस्ताव स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ।

**९.** यस बिषयमा थप जानकारी लिन पर्ने भएमा यस गाउँपालिकाको कार्यालय वा सम्पर्क नम्बरहरु ९८५२६८०५८०/९८४२७६७२८८/९८५२६८५४४५ मा कार्यालय समय भित्र सम्पर्क राख्न वा यस कार्यालयको website: www.mansebungmun.gov.np मा हेर्न सकिनेछ।

..........................

लाल बहादुर श्रेष्ठ